कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि


नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंक

रजिष्टर्ड ठेगाना : वडा नं.१०, बानेश्वर, काठमाडौं, नेपाल ।

फोन नं.: ४७८०८१८, ४७८४००२

E-mail : info@nifrabank.com, Website: www.nifrabank.com


(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**७ वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत व्याजदर भएको "निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६"** को

# "विवरण पत्र"

सात वर्ष अवधि तथा बार्षिक ७ प्रतिशत व्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ५० लाख कित्ताले हुन आउने रु. ५ अर्ब बराबरको ऋणपत्र मध्ये ६०% अर्थात ३० लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.३ अर्ब ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने तथा ४०% अर्थात २० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.२ अर्ब ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात १,००,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट विक्री गरिने ।

**दरखास्तसाथ प्रति डिवेञ्चर अंकित मूल्य रु.१,०००/– का दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

**नेटवर्थ सम्बधी तालिका**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११३.६२ | ११२.०१ | १०८.०३ | १११.०७ | ११३.८९ | ११८.२८ |
| प्रति शेयर आम्दानी (रु.) | ७.०६ | ५.३५ | ४.७३ | ७.२६ | ७.८२ | ९.३९ |
| संचित नाफा नोक्सान (हजारमा) | १२,३४,३७१ | १८,२८,९१६ | ९४६२९३ | १,२४९,५२६ | १,४९३,०८१ | २,००६,१९७ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ पृष्ठ संख्या १५ र १६ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :**

सार्वजनिक निष्काशन मार्फत उल्लेखित धितोपत्र बिक्रि गर्नको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] BBB " (Pronounced ICRA NP Issuer Rating BBB) रेटिङ्ग डिसेम्बर २७, २०२१ मा प्रदान गरेको छ। उक्त रेटिङ्गले moderate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ। यस्ता संस्थाहरुमा मध्यम कर्जा जोखिम रहेको हुन्छ। रेटिङ्ग मिति पौष ११, २०७९ (डिसेम्बर २६,२०२२) सम्म बहाल रहने छ। ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित् बैंक टाट पल्टिएमा अन्य सुरक्षित साहु, निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinated Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७९/०७/२८

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्रदर्ता भएको मिति : २०७९/०८/०१

नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति :२०७९/०७/३०

निष्काशन खुल्ला हुने मिति: २०७९/ ०८/२९

निष्काशन बन्द हुने मिति(छिटोमा) : २०७९/०९/०४

निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७९/०९/१४

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा विक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको website: www.nifrabank.com साथै नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल

फोनः ४००५०८०, फ्याक्सः ४००५०८४

Email: info@niblcapital.com, Website: www.niblcapital.com

## ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) **"कम्पनी/बैंक"** भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"आधारभुत शेयरधनी"** भन्नाले बैंकको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनुपर्दछ ।

ञ) **"खुद सम्पत्ती मूल्य (नेटवर्थ)"** भन्नाले मूल्याङ्कन मितिमा कायम रहेको कुल सम्पत्तिबाट वाह्य दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा विविध खर्च कट्टा गरी आउने कुल सम्पत्ति मूल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ ।

ट) **"प्रति शेयर आम्दानी (सामान्य)"** भन्नाले कम्पनीको कर पछिको नाफालाई बर्ष भरी कायम रहेको इक्विटी शेयर संख्याको भारित औषतले भाग गरी गणना गरिएको संख्यालाई सम्झनु पर्दछ ।

ठ) **"डिबेन्चर"** भन्नाले संगठित संस्थाले जारी गरेका ऋणपत्र "**निफ्रा उर्जा ऋणपत्र ७%-२०८५/८६**" लाई जनाउँदछ ।

ड) **"पूर्वाधार विकास बैंक"** भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

## ख. २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेवसाइटः www.niblcapital.com |
| २. | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर, काठमाडौं र वेबसाइट : www.nifrabank.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने हकमा विक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरी आपसी सहमतीमा वितरण गरिने छ ।

**ग.१.धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र **(Due Diligence Certificate)** प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा विक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः नेपाल धितोपत्र बोड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजिनक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं ।

साथै यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८/१०/१८ मा प्राप्त पत्रानुसार यस कम्पनी आ.व. २०७७/०७८ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

**घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

क. यस बैंकको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

ख. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

ग. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

घ. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पुरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

ङ. यस बैंकको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ वमोजिम अयोग्य रहेका छैनन् ।

## ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

## (क) संगठित संस्थाको पृष्ठभूमी

**(क) संस्थाको नाम** : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (Nepal Infrastructure Bank Ltd.)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५ जेष्ठ २५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/१०/२८ मा नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न स्वीकृत प्राप्त गरी राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको हैसियतले मिति २०७५/११/२२ गतेदेखि बैंकिङ्ग कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १०, बानेश्वरमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१०, बानेश्वरमा रहेकोछ । यस बैंकको कार्यक्षेत्र नेपाल भर हुनेछ साथै नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार स्वदेश तथा विदेशमा शाखा, उपशाखा वा अन्य कार्यालय खोलि बैंकिङ्ग कारोवार विस्तार गर्न सकिनेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

यो कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५ जेष्ठ २५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७५/१०/२८ मा नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न स्वीकृत प्राप्त गरी राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको हैसियतले मिति २०७५/११/२२ गतेदेखि बैंकिङ्ग कारोबार सञ्चालन गर्दै आइरहेको छ। यस कम्पनीको संस्थापकहरुमा नेपाल सरकार, बाणिज्य बैंकहरु, जीवन तथा निर्जिवन बीमा कम्पनीहरु, बैंकिङ्ग/वित्तीय क्षेत्र, जलविद्युत क्षेत्र, पर्यटन क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा ब्यापार क्षेत्र एवं ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

**यस कम्पनीले हालसम्म तपसिल अनुसारको बोनस शेयर तथा नगद लाभांस वितरण गरेको छः**

| सि. नं. | आ.व. | बोनस शेयर | नगद लाभांस |
|---|---|---|---|
| १. | २०७७/०७८ | ८% | ०.४२% |

बैंकको कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून र तथा अन्य प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा कर्जा प्रवाह तथा शेयरमा लगानी गर्ने,

(ख) पूर्वाधार विकास सम्बन्धी परियोजना सञ्चालन गर्ने कम्पनीहरुको धितोपत्रमा लगानी गर्ने,

(ग) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरु निर्माण तथा सञ्चालनको लागि आवश्यक मेसिन, उपकरण तथा औजारको खरिद, बिक्री वा आपूर्ति वा जडान सम्बन्धी कारोबारका लागि प्रतितपत्र खोल्ने तथा जमानत पत्रहरु जारी गर्ने,

(घ) राष्ट्र बैंकको स्वीकृती लिई पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा लगानी गर्न आवश्यक रकम जुटाउनको लागि विभिन्न प्रकारका स्वदेशी वा विदेशी मुद्रामा वित्तीय उपकरण जारी गर्ने तथा ऋण प्राप्त गर्ने,

(ङ) दीर्घकालिन प्रकृतिको निक्षेप स्वीकार गरी वा डिबेन्चर जारी गरी श्रोत परिचालन गर्ने,

(च) राष्ट्र बैंकको स्वीकृती लिई लिजिङ्ग कारोबार गर्ने,

(छ) विदेशी बैंक तथा वित्तीय संस्थाको जमानत स्वीकार गरी परियोजनामा कर्जा तथा सुविधा प्रदान गर्ने,

(ज) राष्ट्र बैंकले तोकेको अन्य कार्य गर्ने,

**अन्य ऋणपत्र र यस ऋणपत्र बीचको फरक :**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको निर्देशन, २०७८ इ.प्रा.निर्देशन नं. १६ को बुँदा ३ तथा ५ मा भएको व्यवस्था बमोजिम पूर्वाधार विकास बैंकले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र जारी गर्न सक्नेछन् भन्ने ब्यवस्था गरे बमोजिम उर्जा ऋणपत्र (Energy Bond) जारी गर्नको लागि यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड योग्य रहेको र सोही बमोजिम यस बैंकले नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०२/११ स्वीकृति प्राप्त गरेको । अन्य ऋणपत्र सामान्यत: बैंकको कर्जा तथा अन्य लगानीका लागि र पूँजी कोष बढाउनका लागि जारी हुने र यस ऋणपत्र उर्जा क्षेत्रमा लगानीको वृद्धि गरी राज्यले उर्जा क्षेत्रको विकासका लागि लिएको लक्ष्य तथा सोका लागि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिमको विषेश लक्ष्यका लागि जारी हुने भएकाले यस ऋणपत्र उद्देश्यगत रुपमा अन्य ऋणपत्र भन्दा भिन्न रहेको छ ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

(क) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा कर्जा प्रवाह तथा शेयरमा लगानी गर्ने,

(ख) पूर्वाधार विकास सम्बन्धी परियोजना सञ्चालन गर्ने कम्पनीहरुको धितोपत्रमा लगानी गर्ने,

(ग) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरु निर्माण तथा सञ्चालनको लागी आवश्यक मेसिन, उपकरण तथा औजारको खरिद, बिक्री वा आपूर्ति वा जडान सम्बन्धी कारोवारको लागि प्रतितपत्र खोल्ने तथा जमानत पत्रहरु जारी गर्ने,

(घ) राष्ट्र बैंकको स्वीकृति लिई पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा लगानी गर्न आवश्यक रकम जुटाउनको लागि विभिन्न प्रकारका स्वदेशी वा विदेशी मुद्रामा वित्तीय उपकरण जारी गर्ने तथा ऋण प्राप्त गर्ने,

(ङ) दिर्घकालीन प्रकृतिको निक्षेप स्वीकार गरी वा डिवेन्चर जारी गरी स्रोत परिचालन गर्ने,

(च) राष्ट्र बैंकको स्वीकृति लिई लिजिङ्ग कारोबार गर्ने,

(छ) विदेशी बैंक तथा वित्तीय संस्थाको जमानत स्वीकार गरी परियोजनामा कर्जा तथा सुविधा प्रदान गर्ने,

(ज) राष्ट्र बैंकले तोकेको अन्य कार्य गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

बैंकिङ्ग कारोवारमा आवश्यक हुने सम्बन्धित प्रविधिहरु ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको नाममा एउटा ट्रेडमार्क दर्ता भएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**

राष्ट्रिय स्तरको पुर्वाधार विकास बैंकको रुपमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त यस बैंकले राष्ट्र बैंकले तोकेको अवस्था पूरा गरी एउटा केन्द्रीय कार्यालय र प्रत्येक प्रदेशमा आवश्यकता अनुसार एक एक सम्पर्क कार्यालय रहने गरी दफा ग ३ क(छ) (१) मा उल्लेख भए बमोजिमका कारोबार तथा व्यवसाय गर्नेछ । २०७९ आषाढ मसान्तको तथ्याङ्क अनुसार बैंकले देहायका उद्योग/क्षेत्रहरुमा देहाय बमोजिमको कर्जा स्वीकृत तथा प्रवाह गरेको छ ।

**(रु.दश लाखमा)**

| क.सं | उद्योग/क्षेत्रहरु | स्विकृत कर्जा सीमा | कर्जा प्रवाह |
|---|---|---|---|
| १ | जलविद्युत परियोजना | १६,६५९ | ६,७७८ |
| २ | मनोरंजन, रिक्रिएसन सम्बन्धी पूर्वाधार | ६७५ | ३३९ |
| ३ | अस्पतालहरु | ५,१३९ | १,७७३ |
| ४ | होटल (तीन तारे र सो भन्दा माथिका) परियोजना | ५,५८३ | ३,७४५ |
| ५ | उद्योग -कल कारखाना /निर्माण | २,१३४ | १,९७९ |
| ६ | अन्य | २,७०९ | ९६८ |
| | **जम्मा** | **३२,८९८** | **१५,५८३** |

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

जलविद्युत, सौर्य उर्जा, होटल, रिसोर्ट, फनपार्क, केवलकार, शिक्षा, स्वास्थ्य, सिमेन्ट, स्टिल, शहरी पूर्वाधार/स्मार्ट सिटी, विशेष आर्थिक क्षेत्र लगायतका पूर्वाधार क्षेत्रका उपयुक्त परियोजनाहरुमा श्रोत लगानी गर्दै जाने योजना यस बैंकको रहेको छ । साथै समय सापेक्ष नयाँ पूर्वाधारका परियोजनाहरुको सम्भाब्यता अध्ययन गरी ग्राहकहरुको पहिचान गरेर आफ्नो ब्यापार विस्तार गर्दै जाने योजना रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र विक्री वितरणको तरिका :**

नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त देशकै पहिलो तथा एक मात्र पूर्वाधार विकास बैंक भएकोले यस बैंकको प्रमुख बजार नेपालभर रहेकोछ । नेपालमा पूर्वाधार विकासको प्रचुर सम्भावना रहेको हुँदा पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुको सम्भाब्यता अध्ययन गरी उक्त परियोजनाहरुलाई प्राविधिक तथा वित्तीय सेवा प्रदान गरिनेछ ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

लागु नहुने ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

लागु नहुने ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंकिङ्ग क्षेत्र, व्यवस्थापन क्षेत्र, पर्यटन क्षेत्र, शैक्षिक क्षेत्र, सरकारी सेवा, उद्योग एवं व्यापारिक क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यबस्थापन समूह रहेकोले पूर्वाधार विकासका परियोजनाहरुको गहन अध्ययन गरेर मात्र प्राविधिक तथा वित्तीय सेवाहरु प्रदान गरिनेछ भने आफ्ना सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि सदैव तत्पर रहेका छन् ।

**(१०)अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा पूर्वाधारमा लगानी र सोबाट दीर्घकालमा प्राप्त हुने प्रतिफलको सुनिश्चिता आफैमा नौलो विषय रहेको अवस्थामा यस बैंकले अनुसन्धान तथा विकास सम्बन्धी कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ ।

पूर्वाधार विकासको परियोजनाहरुमा ठुला र दीर्घकालिन प्रवृत्तिको स्रोत प्राप्तिका लागि फरक र नविनतम अभ्यासको अवलम्बन गर्दै स्रोत जुटाउन Sector Fund हरु स्थापना गर्ने, On-Shore / Off- Shore Bonds तथा Debenture हरु जारी गर्ने, दीर्घकालिन निक्षेप संकलन गर्ने एवं विदेशी साझेदारहरुसँग सहकार्य गरी न्यून लागतका रकम प्राप्त गर्ने जस्ता विषयहरुमा अध्ययन अगाडी बढाईएको छ । साथै, बैंकले सार्वजनिक तथा निजी साझेदारी (PPP) को अवधारणलाई अंगिकार गरी पूर्वाधारका परियोजनाहरुमा लगानी गर्न विकसित मुलुकहरुको सफल अभ्यास (Model) लाई अध्ययन गरी आवश्यकता बमोजिम यथोचित सफल अभ्यास लाई PPP अन्तर्गतका परियोजनाहरुमा Viability Gap Funding (VGF) Model, Hybrid Annuity Model (HAM) मार्फत लगानी गर्न सकिने सम्भावनाहरु माथि अध्ययन अनुसन्धानको काम अगाडी बढाइएको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

**कोभिड - १९ बाट कुनै वाधा, व्यवधान पुगेको भए सो सम्बन्धी विवरण :**

देशमा कोभिड- १९ को महामारीले गर्दा भएको लकडाउनले निम्त्याएको अन्यौलको कारणले देशको समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको हुँदा बैंकिङ्ग क्षेत्रमा समेत सोको प्रभाव देखिएको छ । कोभिड-१९ को महामारीको कारणले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशिका अनुरुप बैंकले प्रदान गरेको सहुलियत व्याज दर तथा जोखिम व्यवस्थापन कोषमा थप व्यवस्थाका कारण बैंकको खुद मुनाफामा असर पर्न गएको छ ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:** सो नभएको ।

**(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

पूर्वाधार विकास बैंकको रुपमा इजाजतप्राप्त यस बैंकले मुलतः पूर्वाधारको परियोजनाहरुमा लगानी गर्ने एवं सोका लागि आवश्यक पर्ने दिर्घकालीन पूँजी स्वदेशी एवं विदेशी वित्त बजारबाट जुटाउने हुँदा यहि प्रकृतिका अर्को बैंक तथा वित्तिय संस्था संचालनमा नआउन्जेल सम्म यस बैंकको प्रत्यक्ष प्रस्तिपर्धी बैंक हालको अवस्थामा नभएता पनि यस बैंकले अन्य बैक तथा वित्तिय सस्थाहरुसँग सहवित्तियकरणमा पूर्वाधारका परियोजनाहरुमा कर्जा प्रबाह गर्ने गरेको हुँदा उपयुक्त लगानी योग्य परियोजनाहरुको बैंकले लगानी गर्न विद्यमान बैक तथा वित्तिय संस्थाहरु सित प्रस्तिपर्धी भई अगाडि बढ्नुपर्ने हुन्छ । साथै, वित्तिय स्रोत संकलन तर्फ यस बैंकले पनि अन्य बैंक तथा वित्तिय संस्थाहरुले जारी गर्ने उपकरणहरु (मुद्दति निक्षेप, बोन्ड तथा डिबेन्चर) मार्फत नै स्रोत संकलन गर्नुपर्ने हुदाँ सो विषयहरु पनि बजार अनुरुप प्रतिस्पर्धीहुनु पर्छ । यद्यपी यस बैंकले ठूला पूर्वाधारका परियोजनाहरुमा मात्र लगानी गर्ने र नविनतम् स्रोत संकलनका उपकरणहरु जारी गरी स्वदेशी तथा विदेशी वित्त बजारबाट दिर्घकालीन पुँजी संकलन तथा परिचालन गर्ने हुँदा अन्य बैक तथा वित्तिय सस्थाहरु सरहको प्रस्तिप्रर्धाको वातावरण यस बैंकको हकमा कम रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण ।) :**

सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको

## (ख) सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

**उपकरण (प्लान्ट) तथा अन्य सम्पत्तिको रजिष्ट्रार (Fixed Assets Registrar)**

(रु.हजारमा)

| विवरण | जग्गा | भवन | लीजहोल्ड सम्पत्ति | कम्प्युटर र एसोसेरिज | परिवहन साधन | फर्निचर तथा फिक्सर | मेशिनरी | उपकरणहरु तथा अन्य | २०७९ आषाढ मसान्तको जम्मा | २०७८ आषाढ मसान्तको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **परल मोल** | | | | | | | | | | |
| श्रावण १, २०७७ को मौज्दात | – | – | २४,०९२ | २५,५७९ | १३,५८० | १८,२८६ | २,७६३ | ४,०५३ | – | ८८,३५३ |
| यस वर्ष थप गरिएको | – | – | – | – | – | – | – | – | – | – |
| अधिग्रण (Acquisition) | – | – | – | २७३ | १९,८९० | ११७ | – | ५८ | – | २०,३३७ |
| पूँजीकरण गरिएको | – | – | – | – | – | – | – | – | – | – |
| यस वर्षको हटाइएको | – | – | – | – | – | – | – | – | – | – |
| समायोजन/पुनःमुल्याङ्कन | – | – | – | – | – | – | – | – | – | – |
| **आषाढ २०७८ अन्तिमको मौज्दात** | – | – | २४,०९२ | २५,८५२ | ३३,४७० | १८,४०३ | २,७६३ | ४,११० | – | १०८,६९० |
| यस वर्ष थप गरिएको | | | – | – | – | – | – | – | – | |
| अधिग्रण (Acquisition) | – | – | ४४,६६३ | १,६०३ | – | ३८१ | – | १६० | ४६,८०६ | – |
| पूँजीकरण गरिएको | – | – | – | – | – | – | – | – | – | – |
| यस वर्षको हटाइएको | – | – | – | – | – | – | – | – | – | – |
| समायोजन/पुनःमुल्याङ्कन | – | – | – | – | – | – | – | – | – | – |
| **आषाढ २०७९ अन्तिमको मौज्दात** | – | – | **६८,७५५** | **२७,४५४** | **३३,४७०** | **१८,७८४** | **२,७६३** | **४,२७०** | **१५५,४९६** | **१०८,६९०** |
| **ह्रासकट्टी तथा क्षय ह्रास** | | | | | | | | | | |
| श्रावण १, २०७७ को मौज्दात | – | – | २,५०८ | ७,०१५ | २,७५४ | १,९५८ | २२२ | ६०७ | – | १५,०६५ |
| यस वर्षको ह्रास कट्टी | – | – | २,४०९ | ५,०२१ | १,८३३ | १,८४९ | १८४ | ५६७ | – | ११,८६३ |
| यस वर्षको क्षय ह्रास | – | – | – | – | – | – | – | – | – | – |
| हटाइएको | – | – | – | – | – | – | – | – | – | – |
| समायोजन | – | – | – | – | – | – | – | – | – | – |
| **आषाढ २०७८ अन्तिमको मौज्दात** | – | – | ४,९१७ | १२,०३६ | ४,५८८ | ३,८०७ | ४०६ | १,१७४ | – | २६,९२८ |
| यस वर्षको क्षय ह्रास | | | – | – | – | – | – | – | | |
| यस वर्षको ह्रास कट्टी | – | – | ८,५६४ | ४,४८९ | ४,१७९ | १,८६८ | १८४ | ५९४ | १९,८७९ | – |
| हटाइएको | – | – | – | – | – | – | – | – | – | – |
| समायोजन | – | – | – | – | – | – | – | – | – | – |
| **आषाढ २०७९ मसान्तको जम्मा** | – | – | **१३,४८१** | **१६,५२५** | **८,७६७** | **५,६७५** | **५९०** | **१,७६८** | **४६,८०६** | **२६,९२८** |
| **निर्माणाधीन पूँजीगत खर्च** | – | – | – | – | – | – | – | – | – | – |
| **खुद किताबी मुल्य** | | | | | | | | | | |
| **आषाढ २०७७ अन्तिमको मौज्दात** | – | – | **२१,५८४** | **१८,५६४** | **१०,८२५** | **१६,३२८** | **२,५४२** | **३,४४६** | **७३,२८८** | **८३,८६२** |
| **आषाढ २०७८ अन्तिमको मौज्दात** | – | – | **१९,१७५** | **१३,८१६** | **२८,८८२** | **१४,५९६** | **२,३५७** | **२,९३६** | **८१,७६२** | **७३,२८८** |
| **आषाढ २०७९ अन्तिमको मौज्दात** | – | – | **५५,२७४** | **१०,९२९** | **२४,७०३** | **१३,१०९** | **२,१७३** | **२,५०२** | **१०८,६९०** | **८१,७६२** |

कम्पनीको आ.ब.०७८/०७९ सम्मको सम्पत्तिको अवस्था माथि उल्लेख गरे बमोजिम रहेको छ। साथै माथि उल्लेखित सम्पुर्ण सम्पतिहरु बैकको केन्द्रीय कार्यालयमा पूर्ण रुपमा सञ्चालनमा रहेका छन्।

**(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :**

उक्त बुँदामा उल्लेख भएको लिजहोल्ड सम्पत्तिहरु भाडामा लिएको कार्यालय भवनमा आन्तरिक निर्माण /सजावट गर्दा लागेको पूँजीगत खर्च हो र यो बैंकको आफ्नै स्वामित्वमा रहेको छ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**
सो नभएको।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरणः**

बैंकको सम्पत्ति हालसम्म पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन ।

## (ग) भावी योजना तथा रणनितीः

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

मुलुकको पूर्वाधार विकासलाई थप गति प्रदान गर्ने मुख्य उद्देश्य लिई राष्ट्रिय स्तरको पूर्वाधार विकासको बैंकको रुपमा यो बैंकको स्थापना भएको हो । मुलत पूर्वाधार विकास मार्फत विश्वमै आर्थिक रुपमा फड्को मार्न सफल विकसित मुलुकहरु तथा नेपालकै पृष्टभुमि जस्तैबाट उठेका विकासउन्मुख राष्ट्रहरुको अभ्यास (Model) लाई अध्ययन र अंगिकार गर्दै त्यस्ता मुलुकहरुमा प्रयोग भई सफल अभ्यासको रुपमा प्रमाणित भएका Viability Gap Funding (VGF) Model, Hybrid Annuity Model (HAM) जस्ता Model हरुलाई कार्यान्वयनमा ल्याउने गरी आफ्ना रणनीतिहरु तय गरिरहेको छ। सो को लागि बैंकले पूर्वाधार विकास सँग सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरु, बीमा, भेन्चर क्यापीटल, बिभिन्न प्रकारका लगानीकर्ताहरु, Multilateral/Bilateral Development Agencies तथा सरकार र निजि क्षेत्रहरुबीच समन्वय गरी आफ्नो कार्य सम्पादन गर्ने गराउने कार्यनीति समेत लिएको छ । साथै बैंकहरु सँग Sector Fund हरु स्थापना गर्ने, On-shore/Off-shore Bonds तथा Debenture हरु जारी गर्ने, दिर्घकालिन निक्षेपहरु संकलन गर्ने एवं विदेशी साझेदारहरु सँग सहकार्य गरी न्यून लागतका रकम प्राप्त गरी उक्त रकम पूर्वाधार विकासका परियोजनाहरुमा परिचालन गर्नु पर्ने आवश्यकतालाई आत्मसाथ गर्दै स्वदेशी र विदेशी वित्त बजारबाट स्रोत संकलन गर्ने कार्य अगाडी बढाई सकेको छ । आगामी दिनमा बैंकले आफ्नो रणनीति, योजना तथा कार्यक्रमहरु सोही आवश्यकता बमोजिम अघि बढाउने छ ।

व्यवसाय वृद्धिको लागि संस्थागत सुशासनको भुमिका अहम रहने भएकोले संस्थागत सुशासनलाई बैंकले सदैब उच्च महत्वका साथ पालना गर्दै आएको छ । प्रचलित ऐन, नियम, नेपाल राष्ट्र बैंक एवं अन्य नियमनकारी निकायहरुद्वारा जारी निर्देशन तथा प्रचलित व्यवस्थाहरुको बैंकले पूर्ण पालना गरेकोछ । दैनिक कार्य सम्पादनका क्रममा आपसी नियन्त्रण र सन्तुलन कायम हुने गरी आन्तरिक व्यबस्थालाई सुदृढ बनाउने रणनीति बैंकले लिएको छ । समयानुकुल र बैंकलाई आवश्यक पर्ने विषयहरुमा कर्मचारीहरुलाई तालिम, सेमिनारहरुमा सामेल गराउने रणनीति लिएको छ ।

हाल संचालनमा रहेका बाणिज्य बैंकहरुको आकार ठुलो हुँदै गइरहेको परिपेक्ष तथा नयाँ पूर्वाधार विकास बैंकहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, बैंकहरुले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने बैंकिङ्ग/वित्तीय सेवाबाट हुन सक्ने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पूँजी तथा मुद्रा बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु, कर प्रणालीमा हुने फेरबदल, छुट तथा सहुलियतमा हुने फेरबदल लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति कम्पनीले लिएको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

मुलुकको पूर्वाधार विकासका लागि आवश्यक लगानीयोग्य रकम आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई उपयुक्त पूर्वाधारहरुको परियोजनामा लगानी गर्न तत्कालीन बैंक तथा वित्तीय संस्थाभन्दा फरक, देशको पूर्वाधार विकासमा मात्र केन्द्रीत भई काम गर्ने छुट्टै संस्थाको आवश्यकता महशुस गरी पूर्वाधार विकास बैंकको परिकल्पना नेपालको पहिलो राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंक को रुपमा मिति २०७५/०२/२५ मा स्थापना भई मिति २०७५/१०/२८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्ने ईजाजतप्त्र प्राप्त गरी **'नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड'** ले विधिवत् रुपमा वित्तीय कारोबार शुरु गरेको हो । मुलुकमा बैंक तथा बित्तीय संस्थाको उपस्थिति बढ्दै गएतापनि मुलतः पूर्वाधार विकासको परियोजनाहरुमा प्रयाप्त लगानी हुन नसकिरहेको अवस्थामा यस बैंकले सार्वजनिक तथा निजी साझेदारी (PPP) को अवधारणलाई अंगिकार गरी पूर्वाधारका परियोजनाहरुमा लगानी गर्दै मुलुकको समग्र पूर्वाधारको विकासलाई मूर्त रुप दिन कोशेढुङ्गा सावित हुने लक्ष्य राखेकोछ ।

मुलुकले पूर्वाधार विकासमा फड्को मार्नुपर्ने तथ्य अपरिहार्य छ । Nepal Economic Vision 2030: Leveraging Private Sector Growth and Investments लगायतका कार्यपत्र तथा अध्ययनहरुले पनि मध्य आय भएको राष्ट्रको रुपमा परिणत हुन पूर्वाधारमा मात्र वार्षिक हाराहारी १३ खर्वको लगानी आवश्यक भएको देखाउँछ ।

नेपालको वित्तिय प्रणालीको संरचनागत रुपान्तरण र आधुनिकीकरणको थप आवश्यकता छ। यस सन्दर्भमा परियोजना विकास निर्माण कार्यको लागि आवश्यक बित्तीय पहुँच बृद्धी, बित्तीय स्रोत संकलन, परियोजना सम्भाव्यता अध्ययन/परामर्श, आन्तरिक र वाह्य स्रोतको अधिकतम संकलन र उयोगमा यस बैंकले उदाहरणीय भुमिका खेल्नेछ।

पूर्वाधार विकासका लागि ठूलो लगानीको आवश्यकता पर्ने र त्यस्तो लगानी दीर्घकालिन प्रवृत्तिको समेत हुने हुँदा यस प्रकारको स्रोत प्राप्तिका लागि फरक र नविनतम अभ्यासको आवश्यकता छ। पूर्वाधार विकासका परियोजनाहरुमा लगानीका लागि स्रोत जुटाउन Sector Fund हरु स्थापना गर्ने, On-Shore / Off- Shore Bonds तथा Debenture हरु जारी गर्ने, दीर्घकालिन निक्षेप संकलन गर्ने एवं विदेशी साझेदारहरुसँग सहकार्य गरी न्यून लागतका रकम प्राप्त गर्ने जस्ता विषयहरु यस प्रकृतीका बैंकको लागि प्राथमिक विषय हो। यसरी लामो अवधिका लागि प्राप्त गरेको स्रोतहरुलाई सोही अवधि अनुरुप लगानी गर्न नसकेको खण्डमा बैंकको सम्पत्ति तथा दायीत्वमा बेमेल हुने सम्भावना तथा जोखिम रहन्छ। यस्ता जोखिम न्यूनीकरण गर्न बैंकले शुरुवाती अवस्था देखिनै Matching Concept मा सम्पत्ति र दायीत्व व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरेको हुनुपर्दछ। यस बैंकले पनि सोही अनुरुप लगानीयोग्य पूर्वाधारका परियोजनाहरु पहिचान गरी सम्झौताको शर्तमा उल्लेख भएको कर्जा प्रवाहको आवश्यकता अनुरुप स्रोत जुटाउने र परियोजनाहरुले गर्ने भुक्तानी अनुसार दायीत्व व्यवस्थापन गर्दै लैजाने गरि वार्षिक कार्ययोजना तयार गर्ने गरेकोछ। विश्वव्यापी रुपमा यस्तो समस्याको जोखिम न्यूनीकरण गर्न पूर्वाधार विकास बैंकहरुले परियोजनाहरुमा पूनरकर्जा प्रदान गर्ने, परियोजनाहरुमा बैंक तथा वित्तीय संस्थाले समिश्रीत (Debt and Equity) लगानी गर्ने जस्ता उपकरणहरु प्रयोग गरेको देखिन्छ।

नेपालको पूर्वाधार विकासको वर्तमान अवस्थालाई नियाल्दा उर्जा, पर्यटन लगायत केही सामाजीक पूर्वाधारमा नीजि क्षेत्र तथा बैंक तथा वित्तीय संस्थाहरुको पहुँच पुगेको देखिन्छ। नेपालमा अबको एक दशकमा सडक, सुरुङमार्ग, एयरपोर्ट, होटल, उर्जा, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, उद्योग लगायतका क्षेत्रहरुमा पूर्वाधार विकासको सम्भावना छ। हालको लागि एकातर्फ सफल अभ्यास (Success Model) को अभावमा चुनौती देखिएता पनि अर्कोतर्फ लगानीका प्रचुर सम्भावना समेत रहेको विषयलाई नकार्न सकिन्न। यस अवस्थामा हामीले मुलतः अहिले विश्वमै आर्थिक रुपमा फड्को मार्न सफल विकसित मुलुकहरु तथा हाम्रै जस्ता पृष्ठभूमी बाट उठेर विकासउन्मुख भैसकेका राष्ट्रहरुको अभ्यास (Model) लाई अध्ययन गरी सोलाई आवश्यकता बमोजिम यथोचित परिमार्जन समेत गरी अंगीकार गर्न जरुरी छ। भियतनाम, भारत लगायतका मुलुकहरुमा प्रयोग भई सफल अभ्यासको रुपमा प्रमाणीत भएका PPP अन्तर्गतका परियोजनाहरुमा Viability Gap Funding (VGF) Model, Hybrid Annuity Model (HAM) को प्रयोग नेपालमा पनि गर्न सक्ने सम्भावना छ।

### (घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्थाः

**(क) संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या था संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस बैंकको नियमावलीको नियम २७ भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ।

| | |
|---|---|
| (क) संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित | नेपाल सरकारबाट मनोनित १ जना समेत जम्मा ४ जना |
| (ख) सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित | २ जना |
| (ग) स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

**(ख) संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस बैंकको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार यस बैंकको संचालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयरलिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो ब्यबस्था लागु हुने छैन। संचालकको कार्यकाल ४ (चार) बर्षको हुनेछ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

क) **अधिकृत पूँजीः** यस बैंकको अधिकृत पूँजी रु.४० अर्ब रहेको छ, जसलाई प्रति शेयर रु. १००/– का दरले जम्मा ४० करोड कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) **जारी पूँजी :** यस बैंकको जारी पूँजी रु.२१ अर्ब ६० करोड रहेको छ, जसलाई प्रति शेयर रु. १००/– का दरले जम्मा २१ करोड ६० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) **चुक्ता पूँजी :** यस बैंकको चुक्ता पूँजी रु.२१ अर्ब ६० करोड रहेको छ, जसलाई प्रति शेयर रु. १००/– का दरले जम्मा २१ करोड ६० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**अधिकृत,जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरणः**

यस कम्पनीको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं | आ.व | अधिकृत पूँजीः | जारी पूँजी : | चुक्ता पूँजी | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५/७६ | रु.४०,००,००,००,०००/- | २०,००,००,००,०००/- | ६,००,००,००,०००/- | |
| २ | २०७६/७७ | रु.४०,००,००,००,०००/- | २०,००,००,००,०००/- | १२,००,००,००,०००/- | |
| ३ | २०७७/७८ | रु.४०,००,००,००,०००/- | २०,००,००,००,०००/- | २०,००,००,००,०००/- | सर्वसाधारणलाई रु.८ अर्ब बराबरको शेयर जारी भएको । |
| ४ | २०७८/७९ | रु.४०,००,००,००,०००/- | २१,६०,००,००,०००/- | २१,६०,००,००,०००/- | ८ प्रतिशत बोनस सेयर समेत । |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ ।

अ. शेयर पुँजी

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | १२,९६,००,००० | ६० % | १२,९६,००,००,०००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ८,६४,००,००० | ४० % | ८,६४,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | २१,६०,००,००० | **१०० %** | २१,६०,००,००,०००/- | |

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको शेयर पुँजी र ऋण पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

अ. शेयर पुँजी

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | १२,९६,००,००० | ६० % | १२,९६,००,००,०००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ८,६४,००,००० | ४० % | ८,६४,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | २१,६०,००,००० | **१०० %** | २१,६०,००,००,०००/- | |

आ. ऋण पुँजी

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| **निफ्रा उर्जा ऋणपत्र ७% -२०८५/८६*** | रु.५,००,००,००,००० /- | - |
| **जम्मा** | रु.५,००,००,००,००० /- | - |

***यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र स्रोत परिचालनमा गणना हुनेगरी जारी हुने ।

ऋणपत्र निष्काशन गरेपश्चात बैंकको शेयर पुँजी र ऋण पूँजीको अनुपात ८१.२० :१८.८० हुनेछ ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :** नरहेको ।

## ५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

**(क) संस्थापक/संचालकको पृष्ठभूमीः**

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

## आधारभूत शेयरधनीको विवरण :

| सि. नं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्व % (कुल चुक्ता पूँजीको) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/ व्यबसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | संस्थापक | – | नेपाली | सिंहदरवार, काठमाडौं | २,१६,००,००० | १०.००% | लागु नहुने | लागु नहुने | लागु नहुने |
| २. | इमर्जिङ्ग नेपाल लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं | २७,००,००० | १.२५% | लागु नहुने | लागु नहुने | परामर्शदाता/ लगानीकर्ता |
| ३. | एनआईसी एशिया बैंक लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं | १,०८,००,००० | ५.००% | लागु नहुने | लागु नहुने | बैकिङ्ग व्यवसाय |
| ४. | ग्लोबल आईएमई बैंक लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.३, पानीपोखरी, काठमाडौं | १,१८,२६,००० | ५.४८% | लागु नहुने | लागु नहुने | बैकिङ्ग व्यवसाय |
| ५. | प्रभु बैंक लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.११, बबरमहल, काठमाडौं | १,०६,१९,६४० | ४.९२% | लागु नहुने | लागु नहुने | बैकिङ्ग व्यवसाय |
| ६. | नेपाल पुर्नबिमा कम्पनी लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं | ५३,३७,३६० | २.४७% | लागु नहुने | लागु नहुने | वीमा व्यवसाय |
| ७. | लाईफ इन्स्योरेन्स कम्पनी (नेपाल) लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.१, नक्साल, काठमाडौं | ९०,७२,००० | ४.२०% | लागु नहुने | लागु नहुने | वीमा व्यवसाय |
| ८. | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. मैतिदेबी, काठमाडौं | ३७,८०,००० | १.७५% | लागु नहुने | लागु नहुने | वीमा व्यवसाय |
| ९. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | संस्थापक | – | नेपाली | का.म.न.पा. वडा नं.३१, हेरिटेज प्लाजा, काठमाडौं | १,९३,३२,००० | ८.९५% | लागु नहुने | लागु नहुने | वीमा व्यवसाय |
| १०. | नितेश अग्रवाल | संस्थापक | ४५ | नेपाली | धरान ५, सुनसरी, हाल नक्साल, काठमाडौं | २६,१९,००० | १.२१% | बि. कम | - | व्यापार व्यवसाय |
| ११. | नेपाल इन्भेष्टमेण्ट बैंक लि. | संस्थापक | – | नेपाली | दरवारमार्ग, काठमाडौं | १,०८,००,००० | ५.००% | लागु नहुने | लागु नहुने | बैकिङ्ग व्यवसाय |

नोट : यस कम्पनीमा हाल कूल ४१ जना संस्थापकहरु रहेको र सो संस्थापकहरुले जम्मा १२,९६,००,००० कित्ता शेयर धारण गरेको छ ।

## संचालकहरुको विवरण:

| सि. नं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अनुज अग्रवाल (प्रतिनिधि : बिशाल ग्रुप लि.) | अध्यक्ष | ४९ | नेपाली | थापाथली ११, काठमाडौं | १६,२०,००० | एम. बि.ए | श्री अनुज अग्रवालज्यू बैंक अफ एसिया नेपालको पूर्व संचालक<br>नेपाल उद्योग परिसंघको उपाध्यक्ष<br>युनाइटेड डिष्ट्रिव्यूटर्स नेपालको संचालक<br>विशाल ग्रुप लि.को संचालक भई कार्य गरेको अनुभव | श्री अनुज अग्रवालज्यूले आफ्नो व्यवसायिक जिवनको दौरान विभिन्न क्षेत्रका उद्यमहरु जस्तैः पूर्वाधार, उद्योग, उर्जा, शिक्षा, रिटेल लगायतका उद्योग एवं कम्पनीहरू स्थापना र सोको संचालनमा सक्रिय भुमिका खेल्नु भएको छ । |
| २. | श्री केदारनाथ शर्मा (प्रतिनिधि : नेपाल सरकार, अर्थ मन्त्रालय) | संचालक | ५३ | नेपाली | सिंहदरवार, काठमाडौं | २,१६,००,००० | एम. ए., एल.एल.एम | संचालक श्री केदारनाथ शर्मा नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्दै बैंकको संचालक | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समितिमा रहनु भएको छ। उहाँ सहसचिव हुनुहुन्छ र हाल अर्थ मन्त्रालय अन्तर्गत प्रशासन महाशाखा प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ सँग नेपाल सरकारको निजामति सेवाको विभिन्न पदमा रही कार्य गरेको अनुभव छ। उहाँले राजनीतिशास्त्र र कानूनमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएको छ। | |
| ३. | श्री चन्द्र प्रसाद ढकाल (प्रतिनिधि : आइएमई लि. ) | संचालक | ५७ | नेपाली | का.म.न.पा. वडा नं.३, पानीपोखरी, काठमाडौं | १०,८०,००० | बि. कम | संचालक श्री चन्द्र प्रसाद ढकाल ग्लोबल आइएमई बैक लि.को संचालक/अध्यक्ष, आइएमई ग्रुपको अध्यक्ष, चन्द्रागिरी हिल्स लि.को अध्यक्ष एवं इमर्जिङ्ग नेपाल लि.को संचालकको रुपमा रही कार्य गरिरहनु भएको छ । त्यस्तै उहाँ नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष, गणतन्त्र इन्डोनेसियाका लागि नेपालको महावाणिज्यदूतको रुपमा समेत कार्यरत हनुहुन्छ। | रेमिट्यान्स, बैंक बीमा, पर्यटन क्षेत्र, हाइड्रोपावर अटोमोवाईल्स, पूर्वाधार, केवलकार लगायतका व्यवसायहरुमा संचालक श्री चन्द्र प्रसाद ढकाल सक्रिय रुपमा सलग्न हुनुहुन्छ। |
| ४. | श्री लालमणि जोशी (प्रतिनिधि : इमर्जिङ्ग नेपाल लि.) | संचालक | ६६ | नेपाली | का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं | २७,००,००० | एम. बि.ए | संचालक श्री लालमणि जोशी नेपाल सरकार को सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनुहुन्छ। उहाँको निजामती सेवामा ३५ वर्ष भन्दा बढीको अनुभव रहेको छ। उहाँ हाल इमर्जिङ्ग नेपाल लि. को अध्यक्ष हुनुहुन्छ भने हिमालयन बैंक लि., नविल बैंक लि. र नेपाल औद्योगीक विकास निगमको संचालक भई कार्य गरिसक्नु भएको छ। | विभिन्न व्यवसायिक संघ संस्थामा सक्रिय रुपमा सलंग्न हुनुहुन्छ। |
| ५ | श्री शंकर प्रसाद अधिकारी (स्वतन्त्र संचालक) | स्वतन्त्र संचालक | ५६ | नेपाली | का.म.न.पा. वडा नं.३२, काठमाडौं | - | एम. बि.ए. | संचालक श्री शंकर प्रसाद अधिकारी नेपाल सरकार को सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनुहुन्छ। उहाँको निजामती सेवामा ३० वर्ष भन्दा बढीको अनुभव रहेको छ। उहाँले नेपाल राष्ट्र बैंक, नेपाल विद्युत प्राधिकरण, नेपाल वायु सेवा निगम लगायतका संस्थाहरुको | विभिन्न व्यवसायिक संघ संस्थामा सक्रिय रुपमा सलंग्न हुनुहुन्छ। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संचालक समितिमा रहेर समेत नेतृत्वदायी भुमीका निभाउनु भैसकेको छ । | |
| ६. | श्री सुमन पोखरेल | संचालक | ४४ | नेपाली | महालक्ष्मी नगरपालिका ६, लुभु, ललितपुर | ६०४ | एम. बि.एस | संचालक श्री सुमन पोखरेल हाल आइएमई लिमिटेडमा संचालक एवं प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ । उहाँ स्मार्ट च्वाईस टेक्नोलोजिज् लि.को अध्यक्ष, डिस मिडिया नेटवर्क लि.को संचालक, आइएमई मोटर्स प्रा.लि. र आइएमई अटोमोटिभ्स प्रा.लि. मा संचालकको रुपमा कार्यरत हुनुहुन्छ । त्यस्तै, उहाँसँग ग्लोबल आईएमई बैंक लि. मा संचलकको रुपमा रहि कार्य गरेको समेत अनुभव छ । | |
| ७. | श्री लिमा अधिकारी आचार्य | संचालक | ४८ | नेपाली | का.म.न.पा. वडा नं.१०, काठमाडौं | १,००० | एम. बि.ए. | संचालक श्री लिमा अधिकारी आचार्य हाल इमर्जिङ्ग नेपाल लिमिटेडको संचालक, नेपाल चेम्बर्स अफ कमर्सको कार्यकारी सदस्य र नेपाल उमन च्यम्बरमा महासचिवको रुपमा कार्यरत हुनुहुन्छ । | |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | लागु नहुने |
| २. | इमर्जिङ्ग नेपाल लि.<br>का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं ।<br>(सार्वजनीक तथा नीजि साझेदारीको अवधारणा अंगिकार गरी स्थापना हुने व्यवसायहरुमा पूँजी परिचालन गर्ने र सामाजिक एवं आर्थिक पूर्वाधार निर्माण र सो सँग सम्बन्धित सेवाहरुका लागि आर्थिक एवं प्राविधिक परामर्श प्रदान गर्ने ।) | अध्यक्ष : लालमणि जोशी, कलंकी, काठमाडौं<br>संचालक : शोभाकान्त पौडेल, काठमाडौं<br>संचालक : चन्द्र टन्डन, काठमाडौं<br>संचालक : अशोक कुमार अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : बिनोद आत्रेय, काठमाडौं<br>स्वतन्त्र संचालक : लिमा आचार्य अधिकारी, काठमाडौं |
| ३. | एनआईसी एशिया बैंक लि.<br>का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं<br>(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त बैंक, मुख्य उद्देश्य: बैकिङ्ग व्यवसाय) | अध्यक्ष : तुल्सीराम अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : त्रिलोक चन्द अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : रामचन्द्र सांघाई, काठमाडौं<br>संचालक : निकुञ्ज अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : आदित्य कुमार अग्रवाल, काठमाडौं<br>संचालक : बिजया स्वार, काठमाडौं<br>संचालक : गणेश मान श्रेष्ठ, काठमाडौं |
| ४. | ग्लोबल आईएमई बैंक लि.<br>का.म.न.पा. वडा नं.३, पानीपोखरी, काठमाडौं<br>(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त बैंक, मुख्य उद्देश्य: बैकिङ्ग व्यवसाय) | अध्यक्ष : चन्द्र प्रसाद ढकाल, महाराजगंज, काठमाडौं<br>संचालक : राम बहादुर भण्डारी, काठमाडौं<br>संचालक : सुदर्शन कृष्ण श्रेष्ठ, गोगंबु, काठमाडौं<br>संचालक : क्याबिनेट श्रेष्ठु, काठमाडौं<br>संचालक : कृष्ण प्रसाद शर्मा, बत्तीसपुतलि, काठमाडौं |

| | | |
|---|---|---|
| | | संचालक : देबेन्द्र प्रताप शाह, काठमाडौं<br>संचालक : विनित कुमार अग्रवाल, बुटवल |
| ५. | प्रभु बैंक लि.<br>का.म.न.पा. वडा नं.११, बबरमहल, काठमाडौं<br>(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त बैंक, मुख्य उद्देश्य: बैकिङ्ग व्यवसाय) | अक्ष्यक्ष : लिला प्रकाश सिटौला, काठमाडौं<br>संचालक : प्रमोद घिमिरे, काठमाडौं<br>संचालक : अन्जु अधिकारी, काठमाडौं<br>संचालक : रमेश सिंह खड्का, काठमाडौं<br>संचालक : शंकर प्रसाद कालिकोट, काठमाडौं<br>संचालक : रामेश्वर सापकोटा, काठमाडौं<br>संचालक : ऋषिराम गौतम, काठमाडौं |
| ६. | सिद्धार्थ बैंक लि.<br>का.म.न.पा. वडा नं.३१, हात्तिसार, काठमाडौं<br>(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त बैंक, मुख्य उद्देश्य: बैकिङ्ग व्यवसाय) | अध्यक्ष : मनोज कुमार केडिया, कमलादी, काठमाडौ<br>संचालक : नरेन्द्र कुमार अग्रवाल, बिराटनगर<br>संचालक : अंकित केडिया, काठमाडौं<br>संचालक : दिनेश शंकर पालिखे, पोखरा<br>संचालक : राहुल अग्रवाल, काठमाडौ<br>संचालक : मिना कुमारी शैजु, काठमाडौ |
| ७. | नेपाल पुर्नबिमा कम्पनी लि.<br>का.म.न.पा. वडा नं.११, थापाथली, काठमाडौं<br>(नेपालको एकमात्र पुर्नबिमा कम्पनी,<br>मुख्य उद्देश्य: पुर्नबिमा सम्बन्धी व्यवसाय गर्ने ) | अध्यक्ष : रबिन्द्र घिमिरे, काठमाडौं<br>संचालक : नभराज मुडभरि, काठमाडौं<br>संचालक : दिप प्रकाश पाण्डे, रक्तकाली, काठमाडौं<br>संचालक : ईश्वरी प्रसाद अर्याल, काठमाडौं<br>संचालक : मदन पोखरेल, काठमाडौं<br>संचालक :सुनिल बल्लभ पन्त, काठमाडौं |
| ८. | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि.<br>का.म.न.पा.वडा नं.३१, कमलादी, काठमाडौं ।<br>(वीमा समितिबाट निर्जिवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी ।) | अध्यक्ष : विशाल अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : बिनोद आत्रेय, काठमाडौं<br>संचालक : अमित अग्रवाल, दरबारमार्ग, काठमाडौं<br>संचालक : अर्पित अग्रवाल, काठमाडौं<br>संचालक : अनिता रायमाझी, काठमाडौं<br>संचालक : सैलेश संघाई, काठमाडौ |
| ९. | लाईफ इन्स्योरेन्स कम्पनी (नेपाल) लि.<br>का.म.न.पा. वडा नं.१, नक्साल, काठमाडौं<br>(वीमा समितिबाट जीवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी) | अध्यक्ष : एम.आर.कुमार, मुम्बई, भारत<br>संचालक : प्रभिन कुमार मोर्लि, भारत<br>स्वतन्त्र संचालक : बि.सि. पटनाएक, मुम्बई, भारत<br>संचालक/प्रमुख कार्यकारी अधिकृत : लक्ष्मी प्रसाद दास, काठमाडौं |
| १०. | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.<br>का.म.न.पा. मैतिदेबी, काठमाडौं ।<br>(वीमा समितिबाट जीवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी) | अध्यक्ष : दिपक कुमार श्रेष्ठ, महोत्तरी<br>संचालक : सुशान्त चाचान, पर्सा<br>संचालक : सुरेन्द्र कुमार गोयल, कपिलवस्तु<br>संचालक : निस्था प्रधानाङ, काठमाडौं<br>संचालक : सौरभ रुङ्गटा, पर्सा<br>संचालक : सजल मास्के, काठमाडौं<br>संचालक : अच्युत राज सापकोटा, काठमाडौ |
| ११. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि.<br>का.म.न.पा. वडा नं.३१, हेरिटेज प्लाजा, काठमाडौं<br>(वीमा समितिबाट जीवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी) | अध्यक्ष : गोबिन्द लाल सांघाई, पुतलीसडक, काठमाडौं<br>संचालक : शक्ति कुमार गोल्यान, रविभवन, काठमाडौं<br>संचालक : कमलेश कुमार अग्रवाल, काठमाडौं<br>संचालक : विवेक अग्रवाल, काठमाडौं<br>संचालक : कृष्णराज लामिछाने, काठमाडौं<br>संचालक : पारुल ढकाल, काठमाडौं<br>संचालक : विमल प्रसाद ढकाल, काठमाडौं |
| १२. | सूर्य लाईफ इन्स्योरेन्स कम्पनी लि.<br>का.म.न.पा. वडा नं.१, ज्ञानेश्वर, काठमाडौं ।<br>(वीमा समितिबाट जीवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी) | अध्यक्ष : केशव प्रसाद भट्टराई, सरस्वतीनगर, काठमाडौं<br>संचालक : विशाल अग्रवाल, बानेश्वर, काठमाडौं<br>संचालक : कृति टिवडेवाल, त्रिपुरेश्वर, काठमाडौं<br>संचालक : बिरेन्द्र बाबु श्रेष्ठ, काठमाडौं<br>संचालक : बिबेक झा, काठमाडौं<br>संचालक : चुडामणी देबकोटा, काठमाडौं<br>संचालक : बिरेन्द्र बाबु श्रेष्ठ,गोगंबु, काठमाडौं |

| | | |
|---|---|---|
| १३. | आइएमई जनरल इन्स्योरेन्स लि.<br>का.म.न.पा. वडा नं.१, नक्साल, काठमाडौं ।<br>(वीमा समितिबाट निर्जिवन वीमा व्यवसाय गर्न इजाजतप्राप्त वीमा कम्पनी) | अध्यक्ष : हेमराज ढकाल, बाग्लुङ<br>संचालक : अम्बिका प्रसाद पौडेल, स्याङ्जा<br>संचालक : सिताराम थापा,, खोटाङ<br>संचालक : कृष्ण प्रसाद शर्मा, काठमाडा<br>संचालक : राजेन्द्र सिंह भण्डारी, बैतडी |
| १४. | प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी प्रा.लि.<br>थापाथली, काठमाडौं ।<br>(कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई क्यापिटल म्यानेजमेन्ट क्षेत्रमा कार्य गर्ने कम्पनी) | अध्यक्ष : अशोक कुमार अग्रवाल, लाजिम्पाट, काठमाडौं<br>संचालक : मधु अग्रवाल, लाजिम्पाट, काठमाडौं |
| १५. | हाथवे इन्भेष्टमेन्ट प्रा.लि.<br>का.म.न.पा. वडा नं.३०, जमल, काठमाडौं ।<br>(कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई शेयर लगायतका क्षेत्रहरुमा लगानी गर्ने कम्पनी) | अध्यक्ष : हेमराज ढकाल, बाग्लुङ<br>संचालक : अम्बिका प्रसाद पौडेल, स्याङ्जा<br>संचालक : सुरज कुमार श्रेष्ठ, काठमाडौ<br>संचालक : उत्तम कुमार नेपाल, काठमाडौ<br>संचालक : कमल प्रसाद अर्याल, स्याङ्जा |
| १६. | आइएमई लि.<br>का.म.न.पा. वडा नं.३, पानीपोखरी, काठमाडौं ।<br>(कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई विभिन्न क्षेत्रहरुमा लगानी गर्ने कम्पनी) | अध्यक्ष : चन्द्र ढकाल, महाराजगंज, काठमाडौं<br>संचालक : हेमराज ढकाल, बाग्लुङ<br>संचालक : सुमन पोखरेल, ललितपुर |
(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक –** यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गर्नका लागि नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई उक्त सेवा प्रदान गरे बापत रु. १,००,०००/– (अक्षरुपी एक लाख रुपैया मात्र) सेवा शुल्क बापत भुक्तानी दिइनेछ ।

(आ) **ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)–** ऋणपत्र ट्रष्टीको सेवा प्रदान गरे बापत श्री एनआईबिएल एस क्यापिटल लिमिटेडलाई बार्षिक रु. ३०,०००/– (अक्षरुपी तीस हजार रुपैंया मात्र) सेवा शुल्क बापत भुक्तानी दिइनेछ ।

(इ) **प्रत्याभूतिकर्ता–** सो नभएको ।

(ई) **विज्ञहरु -**

(उ) **लेखापरीक्षक–** कम्पनीको प्रक्षेपित वित्तिय विवरण एस आर पाँण्डे एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणित गर्नु भएको हो । निजलाई उक्त कार्य गरेवापत बैंकले रकम रु.८५,०००/– (अक्षरेपी पचासी हजार रुपैंया मात्र) (मु.अ.कर समेत) प्रदान गरेको छ ।

(ऊ) **अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि)–** सो नभएको ।

(ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** सो नभएको ।

(ङ) **धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि कुनै पक्षले (व्यक्तिगत तवर/ सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/ सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था** : यस विवरणपत्र मार्फत जारी गरिने

ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा

वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** लागु नहुने ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको आवेदन दिने मिति बन्द भए पश्चात उक्त अवधिमा ऋणपत्र खरिदका लागि प्राप्त हुन आएको आवेदन दिने लगानीकर्ताहरुलाई बाँडफाँड गरिनेछ र ऋणपत्रको बाँडफाँट गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीको हितग्राही (Demat) खातामा जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** बैकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँड पश्चात सूचिकरण गरिनेछ ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड

तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद विक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** सो नभएको ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :** सो नभएको ।

**(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँड भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र बैंकको रजिष्टर्ड कार्यालय, वडा नं. १०, बानेश्वर, काठमाडौं तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५(पच्चीस) कित्ता र अधिकतम १,००,००० (एक लाख) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा १,००,००० (एक लाख) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने ऋणपत्रको हकमा अधिकतम हद लागु हुने छैन ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ। तर व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने ऋणपत्रको हकमा निष्काशन कम्पनी वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक मार्फत लिखित रुपमा सहमती जनाई खरिद गर्न सक्नेछन् ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।

ख. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

ग. दरखास्त दिंदानेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

घ. आवेदकले आवेदन दिँदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

ङ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

च. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

छ. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने

आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

ज. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको विक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** कुनै ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :**

सो नभएको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :

**(क  संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :**

संगठित संस्थाको विगत ३ आर्थिक वर्षको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :

| आर्थिक वर्ष | त्रैमासिक अवधि | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|---|
| २०७८/७९ | चौथो त्रैमास | ३२०.९ | २२१.५ | २४० | ५३४५५०८ |
| | तेश्रो त्रैमास | ४३५ | ३१० | ३१६ | १,१४,२८६ |
| | दोश्रो त्रैमास | ४०० | २६८.५ | ३९२.९ | ८२,६६३ |
| | पहिलो त्रैमास | ५१६ | ३२६ | ३६० | १,६५,०६३ |
| २०७७/७८ | चौथो त्रैमास | ६२३ | ४७३ | ४९२ | १,९०,७११ |
| | तेश्रो त्रैमास | ७२६ | ३४० | ५८५ | ३,५०,७०० |

नोट :शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| २०७८ फाल्गुन | ३८५ | ३१९ | ३४८ | ३६,९६,०७९ | १९ |
| २०७८ चैत्र | ३६० | ३१० | ३१६ | २६,१०,७६९ | २० |
| २०७९ बैशाख | ३२०.९ | २८० | ३०२ | १८,६६,८६४ | १८ |
| २०७८ ज्येष्ठ | ३०१ | २५५ | २५६.५ | १३५३९७५.२१ | २१ |
| २०७९ आषाढ | २७४ | २२१.५ | २४० | २०६४२५८ | २५ |
| २०७९ श्रावण | २६९.२ | २२६ | २३०.१ | २७२९४७१ | २६ |

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।

## ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

कम्पनीले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : सो नभएको ।

| वित्तीय स्थिति विवरण | विवरणपत्रको प्रक्षेपित वित्तीय विवरण अनुसार | लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार | फरक | | फरकका कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत % | |
| **सम्पत्ती** | | | | | |
| नगद तथा नगद सरह | ५८,३३५ | ३,२४४,१४२ | ३,१८५,८०७ | ५४६१% | ३ महिना परिपक्वता रहेको Placements ले गर्दा |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३५,००० | ३७५,१०८ | ३४०,१०८ | ९७२% | कोषको आवश्यकताले गर्दा |
| बैंक तथा वित्तिय संस्थामा Placements | १,८८५,००० | ६,५१४,६६५ | ४,६२९,६६५ | २४६% | कर्जा प्रवाह पश्चात्को कोषको लगानीले गर्दा |
| कर्जा तथा सापटी | २९,९५१,९७६ | १५,५३९,०६२ | (१४,४१२,९१४) | (४८%) | कर्जा प्रवाहमा कमीले गर्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| धितोपत्रहरुमा लगानी | ७७२,७०० | – | (७७२,७००) | (१००%) | लगानी बिक्रिले गर्दा |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | – | – | – | – | |
| जायजेथा तथा उपकरण | ४८,२८१ | १०८,६९० | ६०,४०८ | १२५% | थप सम्पत्तीले गर्दा |
| साख तथा अदृष्य सम्पत्ती | ५,०३८ | ६,०४३ | १,००५ | २०% | थप सम्पत्तीले गर्दा |
| अन्य सम्पत्तीहरु | २१,४०८ | ७४,११४ | ५२,७०६ | २४६% | अन्य सम्पत्तीमा वृद्धिले गर्दा |
| **कूल सम्पत्ती** | **३२,७७७,७३८** | **२५,८६१,८२४** | **(६,९१५,९१६)** | **(२१%)** | |
| **पुंजी तथा दायित्व** | | | | | |
| शेयर पुंजी | २१,६००,००० | २१,६००,००० | – | | |
| जगेडा तथा कोषहरु | २,२७६,०५२ | १,७३३,२८९ | (५४२,७६३) | (२४%) | खुद नाफामा कमीले गर्दा |
| नक्षेप | ३,०००,००० | ४३८,०१८ | (२,५६१,९८२) | (८५%) | नक्षेप संकलनमा कमीले गर्दा |
| सापटी | – | – | – | | |
| ऋणपत्र जारी | ५,७९४,७०५ | – | (५,७९४,७०५) | (१००%) | ऋणपत्र जारी नगरेकोले |
| अन्य दायित्व तथा व्यवस्था | १०६,९८१ | २,०९०,५१६ | १,९८३,५३५ | १८५४% | अन्य दायित्वमा वृद्धिले गर्दा |
| **कूल पुंजी तथा दायित्व** | **३२,७७७,७३८** | **२५,८६१,८२४** | **(६,९१५,९१६)** | **(२१%)** | |
| **नाफा वा नोक्सान विवरण** | | | | | |
| ब्याज आम्दानी | ३,११३,२२८ | १,९२८,८२६ | (१,१८४,४०२) | (३८.०%) | कर्जा प्रवाहमा कमीले गर्दा |
| ब्याज खर्च | ५५९,१७१ | ४६,०१९ | (५१३,१५२) | (९२%) | नक्षेप संकलनमा कमीले गर्दा |
| **खूद ब्याज आम्दानी** | **२,५५४,०५७** | **१,८८२,८०७** | **(६७१,२५०)** | **(२६%)** | |
| शूल्क तथा कमिशन आम्दानी | ९८,७९६ | ९,६८२ | (८९,११४) | (९०.२%) | शूल्कमा निहित कारोबारमा कमीले गर्दा |
| शूल्क तथा कमिशन खर्च | २८,९७४ | ५१ | (२८,९२२) | १००% | |
| **खूद शूल्क तथा कमिशन आम्दानी** | **६९,८२२** | **९,६३१** | **(६०,१९१)** | **(८६%)** | |
| अन्य संचालन आम्दानी | १७,३२९ | – | (१७,३२९) | (१००%) | आम्दानीमा कमीले गर्दा |
| **कूल संचालन आम्दानी** | **२,६४१,२०८** | **१,८९२,४३९** | **(७४८,७६९)** | **(२८.३%)** | |
| कर्जा तथा अन्य सम्पत्तीमा नोक्सानी व्यवस्था/(फिर्ता) | १००,००० | १३४,०५० | ३४,०५० | ३४% | कर्जा नोक्सानी व्यवस्थामा वृद्धिले गर्दा |
| **खूद संचालन आम्दानी** | **२,५४१,२०८** | **१,७५८,३८८** | **(७८२,८२०)** | **(३१%)** | |
| कर्मचारी खर्च | ७२,२८८ | २४०,२१३ | १६७,९२६ | २३२% | बोनस व्यवस्थामा वृद्धिले गर्दा |
| अन्य संचालन खर्च | ४१,९८५ | ५४,८२३ | १२,८३९ | ३१% | संचालन खर्चमा वृद्धिले गर्दा |
| **संचालन मूनाफा** | **२,४२६,९३६** | **१,४६३,३५२** | **(९६३,५८४)** | **(४०%)** | |
| गैर संचालन आम्दानी। खर्च | – | १०० | १०० | १००% | |
| **आयकर अधिको मूनाफा** | **२,४२६,९३६** | **१,४६३,४५२** | **(९६३,४८४)** | **(४०%)** | |
| आयकर खर्च | ७३०,५०८ | ४४१,०९५ | (२८९,४१३) | (४०%) | मूनाफामा कमीले गर्दा |
| **खूद नाफा/(नोक्सान)** | **१,६९६,४२८** | **१,०२२,३५७** | **(६७४,०७१)** | **(४०%)** | |
| अन्य विस्तृत आम्दानी | – | – | – | | |
| **खूद विस्तृत आम्दानी** | **१,६९६,४२८** | **१,०२२,३५७** | **(६७४,०७१)** | **(४०%)** | |
| **वितरणयोग्य मुनाफा** | | | | | |
| नाफा वा नोक्सान विवरण अनूसार खूद मूनाफा वा ( | **१,६९६,४२८** | **१,०२२,३५७** | **(६७४,०७१)** | **(४०%)** | |

| | | | | | |
|---|---|---|---|---|---|
| नोक्सान) | | | | | |
| नियमनकारी समायोजन | (३५६,२५०) | (२१५,२३३) | १४१,०१७ | (४०%) | मुनाफामा कमीले गर्दा |
| **नियमनकारी समायोजन पछिको नाफा वा ( नोक्सान)** | **१,३४०,१७८** | **८०७,१२४** | **(५३३,०५४)** | **(४०%)** | |

## ग.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:

(क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) प्रक्षेपित वित्तीय विवरण एस आर पाँण्डे एण्ड कम्पनी काठमाण्डौंका चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गरिएको छ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं | बैंकको नाम | बैंक खाता नं. |
|---|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड । | ०३६०१०४०२६६७१० |

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठिक छ भनी एस आर पाँण्डे एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्टले प्रमाणित गरेकोछ ।

(ख) **माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु:** सो नभएको ।

## ग.१६.आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:

लागू नहुने ।

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:** यस्तो प्रकृतिको मुद्दा मामिला वा विवाद नरहेको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** हालसम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

## ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा विक्री प्रवन्धकको कार्यालय एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। कुनैपनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री रोश्ना मानन्धरलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४००५०८० एक्सटेन्सन ४४४ मा सम्पर्क गर्न सकिनेछ ।

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेको छ :**

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि(Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट ७ (सात) वर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :**प्रति ऋणपत्र रु. १,०००/– अंकित मूल्यका ५० लाख कित्ता ऋणपत्रले हुनआउने कुल रु.५ अर्व ऋणपूँजी ऋणपत्र मध्ये ६०% अर्थात ३० लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.३ अर्व ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट विक्री गरिने तथा ४०% अर्थात २० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.२ अर्व ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात १,००,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट विक्री गरिने ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र व्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :**

यस ऋणपत्रको बार्षिक व्याजदर ७% हुनेछ । यस ऋणपत्रमा आर्जित व्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवर्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक वर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।

ऋणपत्र आवेदकलाई(मेरो शेयर/सि-आस्वा बाहेकका) निजले आवेदन गरेको रकममा आवेदन गरेको मिति देखि बाँडफाँड हुने दिन सम्मको अवधिका लागि ७ प्रतिशतका दरले खण्डित अबधिको व्याज (Broken Period Interest) रकम भुक्तानी गरिने छ । ऋणपत्रको लगानीबाट आर्जित हुने व्याजमा प्रचलित आयकर ऐन, २०५८ (संशोधन सहित) तल देहाय बमोजिम कर कट्टा गरिने छ ।

| सि. नं. | ऋणपत्रधारकका प्रकार | करको दर |
|---|---|---|
| १. | व्यक्तिगत ऋणपत्रधारक | ५% |
| २. | सामुहिक लगानी कोषका ऋणपत्रधारक | – |
| ३. | संस्थागत लगानी ऋणपत्रधारक | १५% |

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष** (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्थाः नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकलाई जारी निर्देशन मा 'पूर्वाधार विकास बैंकले स्रोत परिचालनमा गणना हुने गरी ऋणपत्र जारी गरेमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन ।' भन्ने व्यहोरा एवं प्रस्तावित ऋणपत्रको स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंकबाट 'ऋणपत्र बैंकको स्रोत परिचालनको रुपमा गणना हुनेगरी जारी गर्नुपर्ने' शर्त उल्लेख भए बमोजिम ऋणपत्र भुक्तानी कोष (Capital Redemption Reserve) लागु नहुने ।

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ । यो ऋणपत्र बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ताभन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । २०७९ आषाढ मसान्तमा प्रथम हकवालाको रकम (मुद्दती निक्षेपकर्ताको) रु. २५ करोड देखिन्छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

(अ) **ट्रष्टीको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ ।

(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई विक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत वार्षिक रु. ३०,०००/– (अक्षेरुपी तीस हजार रुपैयाँ मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री रोश्ना मानन्धरलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। निजले एमबिएसम्मको शैक्षिक योग्यता हासिल गरी करिब ७ वर्ष बैक तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै, गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:

गुनासो सुन्ने अधिकारीको नामः रोश्ना मानन्धर

इमेलः roshna@niblcapital.com फोन नं.०१-४००५०८०

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७९/०२/१३ मा सम्झौता गरिएको छ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुराः** ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यबस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुराः** ऋणपत्र ट्रष्टी र बैंकका नायब महाप्रबन्धक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यबस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :**ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृती लिनुपर्ने।

**(औ) ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रमुख बुँदाहरु :**

१. बैंकले संचालक समितिको मिति २०७८/१२/०२ गतेको १०५ औं बैठकको निर्णय अनुसार रु. ५,००,००,००,०००/- (अक्षेरुपी पाँच अर्ब रुपैंयाँ मात्र) रकम बराबरको प्रति डिबेञ्चर रु. १०००/- का दरले कुल ५०,००,००० कित्ता डिबेञ्चरहरुमध्ये ३०,००,००० कित्ता डिबेञ्चर परिपत्र विधिबाट र २०,००,००० कित्ता डिबेञ्चर सार्वजनिक निष्काशन प्रकृयाबाट निष्काशन गरिने क्रममा बैंक र डिबेञ्चरधनीको हित संरक्षण गर्ने जिम्मा डिबेञ्चर ट्रष्टिको रहने छ।

२. डिबेञ्चरवालाले खरिद गरेको डिबेञ्चरको साँवा र व्याज भुक्तानी गर्ने समय, व्याज दर, साँवा व्याज भुक्तानी गर्ने प्रक्रिया र डिबेञ्चरलाई शेयरमा परिणत गर्ने वा नगर्ने सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ।

अ) डिबेञ्चरको अवधि (Maturity) :डिबेञ्चरको अवधि डिबेञ्चर बाँडफाँड भएको दिनबाट सात वर्षका लागि हुनेछ र सो अवधि पश्चात् बैंकले साँवा र भुक्तानी नलिएको व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

आ) डिबेञ्चरको व्याज दर (Coupon Interest Rate) : डिबेञ्चरको वार्षिक व्याजदर ७% हुनेछ र सो व्याज रकमबाट प्रचलित आयकर ऐन अनुसार करकट्टा गरी भुक्तानी गरिनेछ।

इ) डिबेञ्चरको व्याज भुक्तानी गर्ने प्रक्रिया (Interest Payment Process) : डिबेञ्चरमा आर्जित व्याज अर्धवार्षिक रुपमा अर्थात् प्रत्येक छ/छ महिनाको अवधिमा भुक्तानी हुनेछ।

ई) डिबेञ्चर भुक्तानी गर्ने समय (Interest Payment Timing) :यस डिबेञ्चरमा आर्जित व्याज रकम डिबेञ्चरबाहक हरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ। व्याज रकम भुक्तानी दिंदा प्रथम अर्ध वार्षिक (पौष मसान्त) समयसम्म यस डिबेञ्चरमा आर्जित व्याज रकम हरेक आर्थिक वर्षको माघ १ गतेदेखि र दोश्रो अर्धवार्षिक

(आषाढ मसान्त)समयसम्म यस डिबेञ्चरमा आर्जित व्याज रकम हरेक आर्थिक वर्षको श्रावण १ गतेदेखि भुक्तानी गरिनेछ ।

उ) व्याज भुक्तानी गर्ने तरिका : डिबेञ्चरबाहकलाई व्याज भुक्तानी गर्नको लागि बैंकले डिवेञ्चरको आवेदन दिंदा उपलब्ध गराएको बैंक खातामा व्याज भुक्तानी गर्नेछ ।

ऊ) व्याज भुक्तानी गर्ने स्थान : डिबेञ्चरबाहकले उपलब्ध गराएको बैंक खातामा कुनै कारणबाट व्याज रकम जम्मा हुन नसकेमा आफ्नो प्रमाणसहित बैंकको मूख्य कार्यालय वा सो को सम्पूर्ण शाखा कार्यालयमा बैंकिङ्ग समयभित्र सम्पर्क गरी व्याज रकम प्राप्त गर्न सकिनेछ ।

ए) डिबेञ्चरलाई शेयरमा परिणत गर्ने व्यवस्थाः डिबेञ्चरलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cummulate गर्ने विशेषता नरहेको ।

३. डिबेञ्चर ट्रष्टीको हैसियतले कार्य गर्दा बैंक वा डिबेञ्चरवालालाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिबेञ्चरवालालाई रकम भुक्तानी नभएमा सो को लागि डिबेञ्चर ट्रष्टी जवाफदेही हुने छैन ।

४. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट गर्न सक्ने कानूनी कारबाही र डिबेञ्चरवालाको अधिकारको प्रयोग डिबन्चर ट्रष्टीले गर्न सक्नेछ । डिबेञ्चर ट्रष्टीले कार्य गरे बापत लागेको सम्पूर्ण खर्च बैंकले भुक्तानी गर्नुपर्ने छ ।

५. डिबेञ्चरवालाको हित संरक्षण सम्बन्धी गर्नुपर्ने सम्पूर्ण कार्य डिबेञ्चर ट्रष्टीले गर्न सक्ने अधिकार रहेको छ ।

६. डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको हित संरक्षणको निमित्त आवश्यक ठानेमा बैंकको जायजेथा सुरक्षण स्वरुप लिन र त्यस्तो सुरक्षण प्रचलित कानून बमोजिम आफ्नो नाममा पारित गराई राख्न सक्नेछ ।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था** : सो नभएको ।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**

– कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक स्रोत संकलन गर्न ।

– कम्पनीको लागि आवश्यक वित्तीय स्रोत संकलन गर्न ।

– प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

**(च) जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

**(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :** सो नभएको ।

**(ज) अन्य :**

– यो ऋणपत्र बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।

– यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

– **ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड वा कम्पनीले तोकेको संस्था /स्थानबाट ऋणपत्रको व्याज भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ । ऋणपत्रको व्याज भुक्तानी पूर्जा जारी नगरी सबै ऋणपत्रहरु हितग्राही खातामा राखिएको अवस्थामा सबै ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा व्याज रकम जम्मा हुने व्यवस्था मिलाईनेछ ।

– ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्ध-बार्षिकको व्याज रकम सो अर्ध-बार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ऋणपत्रहरु हितग्राही खातामा जम्मा नगरेको अवस्थामा व्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा व्याज भुक्तानी पूर्जा **(Interest Coupon)** दिइनेछ ।

– **नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले निष्काशन गर्न लागेको **"निफ्रा उर्जा ऋणपत्र ७% - २०८५/८६"** ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैंकद्वारा मिति २०७९/०२/११ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको छ ।

१) कुनै पनि सुरक्षण नराखी "**निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६"** निष्काशन गर्नुपर्ने ।

२) ऋणपत्रको अवधि ७ वर्षको हुने ।

३) ऋणपत्रको वार्षिक व्याजदर ७ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने व्याज ६/६ महिनामा भुक्तानी गर्नुपर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा "**निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६"** को भुक्तानी निक्षेपकर्ता भन्दा पछिमात्र हुने ।

५) "**निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६"** जारी भएको मितिले वढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।

६) नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।

७) "**निफ्रा उर्जा ऋणपत्र ७ %-२०८५/८६"** निष्काशनगर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरि प्रकाशन गर्नुपर्ने ।

८) Private Placement को आधारमा बिक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** सो नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि लेखापरीक्षक श्री अरुण राउतले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRS अनुसार नै बनेको भनी लेखापरीक्षक श्री अरुण राउतले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

| क्र.सं. | नाम | पद | परिवर्तन भएको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुमन पोखरेल | संचालक समिति सदस्य | बैंकको तेस्रो वार्षिक साधारण सभाबाट निर्वाचित | ०७७/७८ |
| २ | श्री लिमा अधिकारी आचार्य | संचालक समिति सदस्य | बैंकको तेस्रो वार्षिक साधारण सभाबाट निर्वाचित | ०७७/७८ |
| ३ | श्री केदारनाथ शर्मा | संचालक समिति सदस्य | नेपाल सरकार, अर्थ मन्त्रालयबाट यस अघि मनोनित हुनुभएका संचालक श्री श्रीकृष्ण नेपालको स्थानमा श्री केदारनाथ शर्मा मनोनित हुनुभएको । | |
| ५ | श्री शंकर प्रसाद अधिकारी | संचालक समिति सदस्य | श्री शंकर प्रसाद अधिकारी स्वतन्त्र संचालकको रुपमा नियुक्त हुनु भएको । | २०७६/७७ |
| ६ | श्री रामकृष्ण खतिवडा | संचालक समिति सदस्य | स्वतन्त्र संचालकको रुपमा नियुक्त हुनुभएका श्री रामकृष्ण खतिवडाले स्वतन्त्र संचालक पदबाट राजिनामा दिनुभएको । | |
| ७ | M.G.S. & Associates, Chartered Accountants | लेखापरीक्षक | विगतमा J.N. Upadhyay & Co. Chartered Accountants बैंकको लेखापरीक्षक रहेकोमा बैंकको तेस्रो वार्षिक साधारण सभाबाट नयाँ लेखापरीक्षक नियुक्ति हुनु भएको । | २०७६/७७ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कीर्तिपुर, काठमाडौं निवासि एलएलबि शैक्षिक योग्यता हासिल गरी विगत ९ वर्ष देखि निरन्तर रुपमा बैकिङ्ग कार्य गरिरहनु भएको श्री इश्वर बन्धु गौतम यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधिनमा रही संचालक समितिले निर्णय गरी जारी गर्न सक्ने हुँदा सोही अनुसार बैंकको मिति २०७८/१२/०२ मा बसेको १०५औं संचालक समितिको निर्णय बमोजिम बार्षिक ७ प्रतिशत व्याज दिने गरी सात वर्ष अवधिको लागि रु. ५ अर्ब बराबरको ५० लाख कित्ता ऋणपत्र जारी गर्ने निर्णय गरेको छ । जसमध्ये २ अर्ब बराबरको निष्काशन व्यक्तिगत तवर र बाँकी ३ अर्ब बराबरको सार्वजनिक निष्काशन मार्फत विक्री गरिनेछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नस्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालयः वानेश्वर, काठमाडौं ।

२. धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु. १,०००/– अंकित मुल्यका कुल २० लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात १,००,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेकोछ ।साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७६/०७७ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र विक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र विक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** :

यस बैंकलाई इक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम **(Low Credit Risk)** जनाउने **"[CARE-NP BBB]"** (Pronounced as Triple B) रेटिङ्ग मिति डिसेम्बर २७, २०२१ मा प्रदान गरेको छ । उक्त रेटिङ्गले moderate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ । यस्ता संस्थाहरुमा मध्यम कर्जा जोखिम रहेको हुन्छ । रेटिङ्ग मिति पौष ११, २०७९ (डिसेम्बर २६,२०२२) सम्म बहाल रहने छ । ईक्रा नेपाल लिमिटेडल [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भन] [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहनें + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धीत रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा विक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।

२. जोखिम लेखाजोखा पश्चात् मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

३. स्थापना कालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।

४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्वन्धि व्यवस्था :**

शेयर रजिष्ट्रार सम्वन्धि सम्पूर्ण कार्य एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं मार्फत हुनेछ ।

**(ण) धितोपत्र विक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि विक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ। **व्यक्तिगत तवर (Private Placement)** बाट विक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अनुज अग्रवाल | अध्यक्ष | |
| २ | श्री केदारनाथ शर्मा | संचालक | |
| ३ | श्री चन्द्र प्रसाद ढकाल | संचालक | |
| ४ | श्री लालमणि जोशी | संचालक | |
| ५ | श्री शंकर प्रसाद अधिकारी | संचालक | |
| ६ | श्री सुमन पोखरेल | संचालक | |
| ७ | श्री लिमा अधिकारी आचार्य | संचालक | |

## ३.२४ निष्काशन तथा विक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

च.नं.: ६१२/०७८/०७९ | मिति : २०७९/०५/२०

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

**बिषय: धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।**

महोदय,

वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १०, बानेश्वर, काठमाडौंमा रजिष्टर्ड कार्यलग भएको नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले निष्काशन गर्न लागेको कुल ५०,००,००० कित्ता ऋणपत्र ( २०,००,००० कित्ता सार्वजनिक निष्काशन तथा ३०,००,००० कित्ता व्यक्तिगत तवर (Private Placement) बाट) ७ वर्ष अवधिको ७ प्रतिशत ब्याजदरमा प्रति ऋणपत्र रु. १,०००/– दरको "**निफ्रा उर्जा ऋणपत्र ७ %(२०८५/८६**" नामक ऋणपत्र निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई ऋणपत्र जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्वद्ध कानूनमा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार सम्बन्धी कानुन अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरुसँग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

नाम : सचिन्द्र ढुंगाना
पद : नायव महाप्रबन्धक
सही :

कार्यालयको छाप :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Bank Limited)

P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4005157, 4419421, 4425280
F : +977-1-4005084
E : info@niblcapital.com
W : www.niblcapital.com
(Formed by Merger of NIBL Capital and Ace Capital)

Licensed by Securities Board of Nepal (SEBON)

- Issue Management - Registrar to Shares/Registrar & Transfer Agent - Underwriting - Portfolio Management - Depository Participant - Fund Manager & Depository of NIBL Mutual Fund.

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**S. R. PANDEY & CO.**
**Chartered Accountants**

2nd Floor, House No. 2979/33
Nabil Galli, Maharajgunj
P. O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983, 2104700
Fax: 977-1-4720983
e-mail: info@srp.com.np

## REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL STATEMENTS OF NEPAL INFRASTRUCTURE BANK LIMITED

We have examined the Projected Financial Statements of **Nepal Infrastructure Bank Limited**, for the Financial Years from 2079/80 to 2086/87 prepared for the purpose of issuance of **"NIFRA Energy Bond 7%- 2085/86"**, in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information.

Management is responsible for the projection including the assumptions set out in "Nepal Infrastructure Bank Limited assumption for Projection of Financial Statement" on which it is based.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which cause us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the forecast is properly prepared on the basis of the assumptions and is presented in accordance with Nepal Financial Reporting Standards.

The projected financial information has been prepared for issuance of **"NIFRA Energy Bond 7%- 2085/86"**, using set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that the perspective financial information is not used for purposes other than that described.

Arun Raut, FCA
Partner

Date: 23 November 2022
Place: Kathmandu, Nepal
UDIN: 221123CA00485Iuvih